आ.व. २०८३/०८४ को साँफेबगर नगरकार्यपालिकाको मिति २०८३/०४/०७ गते सम्पन्न प्रथम बैठकका निर्णयहरू

| क्र.सं. | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|
| १. | आ.व. २०८३/०८४ का लागि साँफेबगर नगरपालिकाको दररेट स्वीकृत गर्ने। |
| २. | आ.व. २०८३/०८४ का लागि नगरसभाबाट पारित बजेट कार्यान्वयन गर्न आवश्यक मार्गदर्शनसहित अख्तियारी प्रदान गर्ने। |
| ३. | साँफेबगर नगरपालिकाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ स्वीकृत गर्ने। |
| ४. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०८३/०४/०१ को पत्रानुसार यस नगरपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत सङ्कलन, प्रमाणीकरण तथा सूचना प्रणालीमा प्रविष्टि लगायतका कार्य सम्पन्न हुन नसकेका वा छुट भएका व्यक्तिहरूको लगत सङ्कलन, प्रमाणीकरण तथा सूचना प्रणालीमा प्रविष्टिको कार्य सञ्चालन गर्न २०८३ श्रावण मसान्तसम्म वडा कार्यालयमार्फत सार्वजनिक सूचना जारी गर्ने। |
| ५. | शिक्षा शाखाबाट प्राप्त कक्षा थप अनुमति, शिक्षक सरुवा, पदस्थापन, दरबन्दी स्थानान्तरण तथा समायोजन सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने। |
| ६. | सामुदायिक विद्यालयहरूमा बाल विकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि सहकारी संस्थामार्फत कृषि उपजमा आधारित दिवा खाजा आपूर्ति गर्न इच्छुक संस्थाबाट प्रस्ताव माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने। |